# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।०६।१४ गते।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

प्रतिवादी योगेन्द्र ढुंगेल भएको घुस/रिसवत मुद्दामा सरकारी साक्षीको रुपमा पेश गरेका ज्ञानहरी लामाले विशेष अदालतसमक्ष वकपत्र गर्दा प्रतिकूल वकपत्र गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला काठमाडौं, गोकर्णेश्वर नगरपालिका बस्ने ज्ञानहरी लामालाई अनुसन्धानको क्रममा सरकारी साक्षीको रुपमा पेश गरेकोमा निजले आयोगबाट अनुसन्धानको क्रममा गरिएको वयानको व्यहोराको प्रतिकूल हुने गरी सम्मानित विशेष अदालत, काठमाडौंसमक्ष बकपत्र गरेको पुष्टि हुन आएको हुँदा निज ज्ञानहरी लामाले अनुज्ञापत्रको लागि रु.१,५०,०००।— (एक लाख पचास हजार रुपैयाँ) घुस/रिसवत दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) बमोजिमको कसुर गरेको पुष्टि भएको हुँदा निजलाई बिगो रु.१,५०,०००।— (एक लाख पचास हजार रुपैयाँ) कायम गरी ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद सजाय र ऐ. ऐनको दफा ३ को उपदफा (१) बमोजिम जरिवाना हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
भोला दाहाल